National राष्ट्रिय सहकारी बैंक लिमिटेड Co-operative Bank Limited (NCBL)

"सहकारीको दीगो विकास र प्रवर्द्धनमा क्रियाशील एक मात्र बैंक"

# नेपालको सहकारीमा लेखा सुपरीवेक्षण समितिको अभ्यास: व्यवस्था र अवस्था


केशब प्रसाद सापकोटा
सदस्य, लेखा सुपरिवेक्षण समिति
राष्ट्रिय सहकारी बैंक लि.


लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी-२०८०
ASC National Workshop-2023

# सहकारीको संरचनागत अवधारणा:

- अनौपचारिक रुपमा सहकारीता - परापुर्वकालदेखी अर्म पर्म, ढिकुरी, धर्म भकारी, मका खल:, गुठी जस्ता सामाजिक सद्भावले ओतप्रोत परम्परा र व्यवहारबाट
- औपचारिक रुपमा सहकारिता - वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना, वि.सं. २०१३ को बखान ऋण सहकारीको स्थापना, सहकारी ऐन २०१६
- नेपालको संविधान २०७२ ले सहकारी क्षेत्रलाई मुलुकको अर्थतन्त्रको तेश्रो खम्वाको रुपमा अंगिकार

# अन्तर्राष्ट्रिय सहकारी बिकासक्रम

सन् १८४४ मा बेलायतमा श्रमिक एकतामा आधारित उपभोक्ता सहकारी

सन् १८५४ मा जर्मनीमा बचत तथा ऋण सहकारी,

सन् १८६६ मा डेनमार्कमा दुग्ध सहकारी

सन् १९१२ मा चीनमा कृषि सहकारी,

सन् १९०४ मा भारतमा कृषि तथा सेवा व्यवसायमा आधारित सहकारी

# सहकारीको परिभाषा

“सहकारी संस्था संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणमा रहने व्यवसाय हो । यो आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरूको अभिप्राप्तिका लागि स्वेच्छाले एकतावद्ध व्यक्तिहरूको स्वायत्त संगठन हो ।” अन्तर्राष्ट्रिय सहकारी महासंघ

# सहकारीमा लेखा सुपरिवेक्षण समितिको बिद्यमान तथ्यांक

- सहकारी संस्था २९८८६ (सहकारी झलक २०७७)
- समग्र सहकारीमा लेखा सुपरिवेक्षण समितिमा रहने कुल स्वयंसेवी : ८९ हजार जना
- महिला: २८ हजार, पुरुष: ६१ हजार जना

# लेखा सुपरिवेक्षण समिति सम्बन्धी कानुनी प्रावधान अनुसारको व्यवस्था:

लेखा सुपरिवेक्षण समितिको गठन : ९सहकारी ऐन, २०७४ को दफा ४८ अनुसार०

- एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले तोकेको ३ जना
- एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समिति रहन नपाउने

लेखा सुपरिवेक्षण समितिको योग्यता : ९सहकारी नियमावली, २०७५ को नियम २२ अनुसार०

- सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको ३ बर्ष पुरा भएको
- संस्थालाई तैनुपैर्ने बेरूजु नरहेको
- कर्जा भाखा ननाघेको
- लेखापालन वा लेखा परिक्षण सम्बन्धी तालिम लिएको

# लेखा सुपरिवेक्षण समिति सम्बन्धी कानुनी प्रावधान अनुसारको व्यवस्था:

**लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**
**सहकारी ऐन, २०७४ को दफा ४९ अनुसार**

- प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,
- आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,
- वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,
- समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
- साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

# लेखा सुपरिवेक्षण समिति सम्बन्धी कानुनी प्रावधान अनुसारको व्यवस्था:

## लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :
## सहकारी ऐन, २०७४ को दफा ४९ अनुसार

- लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,
- आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।
- आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

# लेखा सुपरिवेक्षण समिति सम्बन्धी कानुनी प्रावधान अनुसारको व्यवस्थाः

## लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार : सहकारी ऐन, २०७४ को दफा ४९ अनुसार

२ लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

# सहकारी विभागद्वारा जारी लेखापरिक्षण निर्देशिका २०७५

- वाह्य लेखापरिक्षणको लागि
- लेखा सुपरिवेक्षण समितिले यस निर्देशिकालाई सन्दर्भ सामाग्रीको रुपमा अध्ययन गरी आलेपमा प्रयोग गर्न सक्ने
- लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखापरिक्षणको आफ्नो दायरा वृद्धि गर्न सक्ने ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था बाट लेखा परिक्षकलाई जारी गरिएको लेखापालन सम्बन्धि बिषयहरु :

- लेखापालन सम्बन्धी आधारभूत सिद्धान्तहरु:
  - इमान्दारीता: व्यावसायिक रुपमा इमान्दारीता कायम राख्ने,
  - वस्तुनिष्ठता: विना कुनै अनुचित दवाव र सम्झौतामा कार्य सम्पन्न गर्ने,
  - व्यावसायिक योग्यता: व्यावसायिक क्षमता हासिल गर्न तत्पर
  - गोप्यता: सम्पूर्ण रुपमा आर्थिक गोप्यता कायम गर्ने,
  - व्यावसायिकता प्रर्दशनी: कानुन, विधिको पालना
- स्वार्थको द्वन्द्व (Conflict of Interest) हुने अवस्थाको सिर्जना गर्नु हुँदैन ।
- एउटा व्यावसायिक लेखा राख्ने व्यक्तिले विधि र कानुनको पालना गर्नको लागि आफू सक्षम हुन जरुरी छ, पर्याप्त विशेषज्ञता हासिल गर्न आवश्यक छ ।

# सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा २०७६
# (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको)

- लेखापरिक्षणका क्षेत्रहरुको पहिचान गर्न
- लेखापरिक्षण सम्बन्धी प्रावधानहरुको बारेमा थप जानकारी हासिल गर्न
- कारोबारको पहिचान, संकेत चिन्ह र कारोबार विवरण सम्बन्धी व्यवस्था आन्तरिक लेखापरिक्षणमा प्रयोग गर्न
- लेखा नीतिको कार्यान्वयन भए नभएको चेकजाँच गर्न

# सहकारी संस्थाको विनियमका सामान्य प्राबधानहरु :

- लेखा सुपरिवेक्षण समितिको गठन
- लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :
  - संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने ।
  - व्यवस्थापन, समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन प्रत्येक चौमासिक रुपमा जाँच गर्ने, परिक्षण गर्ने वा गराउने ।
  - संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानि नोक्सानी पुग्ने अवस्था भएमा वा लेखापरीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारणसभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।
  - लेखा परीक्षण सम्बन्धी प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

# सहकारी बिभागबाट जारी अन्य निर्देशिकामा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी गरिएका प्राबधानहरु :

- सहकारी विभागद्धारा २०७९ जेष्ठ १२ मा जारी गरिएको एकिकृत निर्देशन (ग) (६) को प्रावधान

- सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ राख्न लेखा सुपरिवेक्षण समिति सक्रिय रहने ।
- समितिले सहकारी संस्थाको आन्तरिक लेखापरिक्षण गर्ने,
- आर्थिक कारोबारको नियमित निरिक्षण तथा मूल्यांकन गर्ने,
- सञ्चालक समितिको काम कारबाहीको सुपरिवेक्षण गर्ने,
- समितिलाई सुझावको रुपमा चौमासिक प्रतिवेदन पेश गर्ने ।
- वार्षिक प्रतिवेदन साधारण सभामा पेश गर्ने,
- साधारण सभाको निर्देशन, निर्णय र सञ्चालक समितिको निर्णयहरु कार्यान्वयन गराउन जोड दिने
- लेखा सुपरिवेक्षण समितिले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने ।

# लेखा सुपरिवेक्षण समितिको बिद्यमान अभ्यास

- लेखा सुपरिवेक्षण समितिको अधिकार र कार्यक्षेत्रको सम्बन्धमा जागरणकै चरणमा रहेको
- संस्थामा आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न गराउन लेखा समितिले खेल्नुपर्ने भूमिका र अवस्थाको बारेमा प्रशिक्षित हुन आवश्यक रहेको
- चौमासमा गर्नुपर्ने आन्तरिक लेखापरिक्षणको अभ्यास निक्कै कम रहेको
- आन्तरिक रुपमा संस्थागत नियन्त्रण प्रणालीको परिक्षण गर्ने अभ्यास अझै पनि धेरै संस्थाहरुमा लागु हुन बाँकी रहेको ।

# लेखा सुपरिवेक्षण समितिको दक्षता र प्रभावकारीता

- आन्तरिक लेखापरिक्षण एक प्राविधिक कार्य
- सम्बन्धित कानुनहरु, संस्थाको विनियम, आन्तरिक कार्यविधिहरुको बारेमा बुझेको
- लेखापालन र लेखापरिक्षण सम्बन्धि ज्ञान भएको
- प्राविधिक रुपमा हिसाब किताबहरु जाँच गर्न सक्ने
- गल्ती कमजोरीहरु भएको भए पत्ता लगाउन सक्ने
- नितीगत निर्णयहरुको समेत जाँच गर्न सक्ने
- कानुन पालनाको जोखिमको परिक्षण गर्न सक्ने

# प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको चुनौती

- लेखा सुपरिवेक्षण समितिमा नियमावलीको पालना र आलेप सम्बन्धि कतिपय न्यूनतम शिपको कमी
- लेखा सुपरिवेक्षण समितिको शिप र क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा अन्य क्षमता विकासका कार्यक्रमहरुमा कमी
- लेखा समितिका पदाधिकारीहरूको योग्यता र तालिमको पक्षमा सहकारी अभियान र नियामक स्पष्ट हुनु जरुरी
- लेखा सुपरिवेक्षण समितिले आन्तरिक लेखा परीक्षक नियुक्त गर्नसक्ने व्यवस्थाको कार्यान्वयन
- पदाधिकारीहरूको अधिकार र जवाफदेहिता किटान
- साधारण सभामा पेस हुने र आवधिक रुपमा सञ्चालक समितिमा पेस गर्ने प्रतिवेदको अलग अलग ढाँचाको विकास

# आन्तरिक नियन्त्रण प्रणालीका उद्येश्यहरु

- सहकारीको सम्पूर्ण सम्पत्तिको संरक्षण गर्ने,
- लेखा अभिलेख र जानकारीहरुको शुद्धता र विश्वसनीयता सुनिश्चित गर्ने,
- सहकारीको सञ्चालन दक्षता अभिवृद्धि गर्ने,
- व्यवस्थापनको तोकिएका नीति र प्रक्रियाहरूको अनुपालन गरे नगरेको परिक्षण गर्ने र सञ्चालक समितिको निर्णयहरु कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्ने,
- कानुनहरुको पालना भए नभएको जाँच गर्ने र आवश्यक सुझाव दिने ।

# आन्तरिक नियन्त्रणका मुख्य क्षेत्रहरु


- लेखा नियन्त्रण
- प्रशासन नियन्त्रण
- रोकथाम र सुधारात्मक नियन्त्रणहरू
- नीतिहरुको कार्यान्वयन, प्रभाव, जोखिमको तह र नतिजा


# जोखिमको तह र नतिजा

| कम प्रतिफल | मध्यम प्रतिफल | उच्च प्रतिफल |
|---|---|---|
| **कम जोखिम** | **मध्यम जोखिम** | **उच्च जोखिम** |
| कम नोक्सान | मध्यम नोक्सान | उच्च नोक्सान |

जोखिम

नतिजा



सहकारी

सहकारी

# जोखिमका लागि प्रभाव पार्ने तहहरु

आन्तरिक

- संचालक समिति
- लेखा समिति
- व्यवस्थापन समुह
- उप समितिहरु
- सदस्यहरु


# जोखिमका लागि प्रभाव पार्ने क्षेत्रहरु

बाह्य

- अन्य सहकारीहरु
- अर्थ व्यवस्था
- सहकारी ऐन, नीति, निर्देशिका
- अन्तर्राष्ट्रिय सम्बन्ध, अर्थ व्यवस्था

# आन्तरिक नियन्त्रणका मुख्य तत्वहरु

- नियन्त्रण वातावरण
- जोखिम मूल्यांकंन
- सूचना र संचार
- अनुगमन
- नियन्त्रण गतिविधिहरू


Risk Management in cooperatives
DEVELOPING & EXTENDING LINKAGES COORDINATION & NETWORKING
ESTABLISHING NEW & APPROPRIATE SOCIAL VALUES, PRACTICES AND POLICIES
KNOWLEDGE MANAGEMENT
Networks
Reflection & Results
Action
ASC
BOARD
Management
Ground Work
Technologies
Procedures and Guidelines
Act , Regulations, Policies

# आगामी कार्यदिशा

## अभियानको तर्फबाट:

- सहकारी अभियानमा स्वनियमनको अभ्यास मार्फत आन्तरिक नियन्त्रण प्रणाली कायम राख्न, सहकारीलाइ शुसासित र मर्यादित बनाउन सहकारी अभियानको तर्फबाट विशेष कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
- लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धिका कार्यक्रमह? सञ्चालन गर्नको लागि विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।
- सहकारी संघ संस्थाहरुले आन्तरिक नियन्त्रण प्रणाली, सुशासन जस्ता क्षेत्रमा सुधारका लागि आन्तरिक लेखापरिक्षणको लागि आवश्यक नीति, कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने ।

# आगामी कार्यदिशा

## नियामकको तर्फबाटः

- ❖नियामकिय व्यवस्था अनरुप सहकारी संस्थाहरुको आन्तरिक लेखापरिक्षण भए नभएको सम्बन्धि जाँच गर्ने,
- ❖कडाईका साथ लागु गराउनको लागि समय समयमा परिपत्रहरु जारी गर्ने,
- ❖अनुगमन गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि के कस्ता कार्यहरु भएका छन् भन्ने विषय पनि जाँच गर्ने,
- ❖लेखा सुपरिवेक्षण समितिको योग्यता अनुसार निर्वाचित भए नभएको विषय पनि नियामकले यकिन गर्ने ।

# निश्कर्ष

- संघ संस्थाको आन्तरिक नियन्त्रण प्रणालीभित्र देखिएका समस्यामा सुधार ल्याउन सक्रिय हुनुपर्ने ।
- सञ्चालक समिति र व्यवस्थापनलाई नियमित पृष्ठपोषण प्रदान गर्न सक्रिय हुनुपर्ने ।
- सहकारी संघ संस्थाको आन्तरिक सुशासन कायम राख्न सक्रिय हुनुपर्ने ।
- आन्तरिक लेखापरिक्षण सम्पन्न गरी सञ्चालक समितिसमक्ष प्रतिवेदन पेश गर्न सक्रिय हुनुपर्ने ।
- सहकारीको अहित हुने क्रियाकलाप एवं भूलहरू भएका भए समयमै सच्याउन सक्रिय हुनुपर्ने ।
- सहकारी संस्थाको स्वनियमन गर्न सक्रिय हुनुपर्ने ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन सक्रिय हुनुपर्ने ।

# सहकारी अभिवादन सहित हार्दिक धन्यवाद !

केशब प्रसाद सापकोटा
सदस्य, लेखा सुपरिवेक्षण समिति
राष्ट्रिय सहकारी बैंक लि.